महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा

प्रदेश नं. १, नेपाल

मितिः २०७७/०४/१२

# अत्यन्त जरुरी सूचना

मिति २०७७/०४/१२ गते देखि लगातार ३ दिनसम्म देशका विभिन्न भागमा मध्यम देखि हल्का वर्षा र केही स्थानमा भारी वर्षा हुने जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरेको हुँदा उक्त वर्षातको कारणले पहाडी भू-भागमा भूक्षय र पहिरो जान सक्ने एवं तराईमा बाढी, डुबान र कटान हुन सक्ने सम्भावना भएको भनी जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट मिति २०७७/०४/१२ गते यस कार्यालयमा जानकारी प्राप्त भएकोले सोबाट हुन सक्ने क्षतीको नियन्त्रण तथा न्यूनिकरण गर्नको लागि महालक्ष्मी नगरपालिकाकाका सवै वडाका नदी तटीय क्षेत्रमा बसोबास गर्ने, भूक्षय जान सक्ने सम्भावित स्थान र विभिन्न कामका आवत-जावत गर्ने व्यक्तिहरुमा कुनै पनि समयमा घट्न सक्ने सम्भावित विपद्का घटनाहरुबाट जोगिन उच्च सतर्कता अपनाउँनु हुन सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

..............................

खगेन्द्र नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०२६-६९१६८६,७०० प्रमुख ९८५२०७०१२३ उप-प्रमुख ९८५२०७०१२४ प्रमुख प्रशासकीय अधिकृत ९८५२०७०१२१
Email: mahalaxmimunjitpur@gmail.com Web. http:// www.mahalaxmimundhankuta.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

आ.व. :- २०७७/०७८(स्था.प्र.शाखा)
चलानी नम्बर:- ९४

मिति :२०७७/०४/१२

विषय: उच्च सतर्कता अपनाउने सम्बन्धमा ।

श्री धनकुटा न.पा./महालक्ष्मी न.पा./ पाख्रीवास न.पा.धनकुटा सबै,
श्री छथर गा.पा./शहिदभूमी गा.पा./चौविसे गा.पा./सागुरीगढी गा.पा. धनकुटा सबै,

श्री गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं.३० मिति २०७७/०४/११ को छायाकपी पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । संलग्न पत्रानुसारको व्यहोरा अवगत गर्नुभई उक्त वर्षाको अवधिभर तहा पालिका क्षेत्रभित्र आवश्यक उच्च सुरक्षा सतर्कता अपनाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७७/४/१२
जयराम श्रेष्ठ
प्रशासकीय अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या:- ०७७/०७८
च.नं.:- ४०

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०७७/०४/११

विषयः <u>उच्च सतर्कता अपनाई विपद् व्यवस्थापन गर्ने सम्बन्धमा</u> ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

आगामी २०७७/०४/१२ गतेदेखि लगातार ३ दिनसम्म देशका विभिन्न भागमा मध्यमदेखि हल्का वर्षा हुने र केही स्थानमा भारी वर्षा हुने जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरेको हुँदा उक्त वर्षातको कारणले पहाडी भू-भागमा भूक्षय र पहिरो जानसक्ने एवम् तराईमा बाढी, डुबान र कटान हुन सक्ने सम्भावना भएको हुँदा देहाय अनुसारको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

१. सुरक्षा निकाय एवम् खोज, उद्धारमा खटिने रेडक्रसकर्मी, स्वयम् सेवकलाई उच्च सतर्क अवस्थामा राख्ने,
२. खोज, उद्धार र राहतमा प्रयोग हुने सामाग्रीहरु प्रदेश, सुरक्षा निकाय, स्थानीय तह, स्थानीय रेडक्रस एवम् संघ संस्थाहरुसँग समन्वय गरी दुरुस्त राख्ने व्यवस्था मिलाउने,
३. बाढी, पहिरो, डुबान र कटानको जोखिम हुन सक्ने स्थानहरुमा बसोबास गर्ने बासिन्दालाई सतर्क अवस्थामा रहन स्थानीय तहसँग समन्वय गरी स्थानीय रेडियो एवम् सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न लगाउने,
४. बाढी, पहिरो, डुबान र कटानबाट जोखिममा पर्न सक्ने बस्तीको पहिचान र आंकलन गरी स्थानीय तहसँग समन्वय गरेर सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गर्ने ।

(हरिप्रसाद घिमिरे)
सह सचिव

जिल्ला प्रशासन कार्यालय, धनकुटा
दर्ता नं.: ८२
दर्ता मिति: २०७७/४/१२

आगामी २०७७।०४।१२ गतेदेखी लगातार ३ दिनसम्म देशका बिभिन्न भागमा मध्यम देखी हल्का बर्षा हुने र केही स्थानमा भारी बर्षा हुने जल तथा मौसम बिभागले पूर्वानुमान गरेको हुँदा उक्त बर्षातको कारणले पहाडी भू-भागमा भूक्षय र पहिरो जान सक्ने एवम् तराईमा बाढी,डुवान र कटान हुन सक्ने सम्भावना भएको हूँदा देहाय अनुसारको ब्यबस्था मिलाउन हुन अनुरोध छ ।